शुद्धोधन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०७९/८०

च.नं. :

मितिः-२०७९/१२/०९

## शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, मानपकडी रुपन्देहीबाट जारी गरिएको १५ दिने सार्वजनिक सूचना ।

जिल्ला रुपन्देही शुद्धोधन गाउँपालिका वडा नं.१ भगलापुर स्थित लुम्बिनी रोड पक्की सडक देखि पूर्व तर्फ रहेको पुरानो चलनचल्तीको (नाप नक्शामा समेत बाटो रहेको) बाटो बन्द गरी खेतीपाती गरेको, बाटोमा पर्ने गरी घर टहरा लगायतको संरचना समेत बनाई दैनिक आवतजावत गर्ने बाटो बन्द गरेको विषयमा यस शुद्धोधन गाउँपालिकाको न्यायिक समितिमा नक्शा बमोजिमको सार्वजनिक बाटो खुलाई कायम गरी पाउँ भनि स्थानीय बासीहरुले दिएको निवेदन सम्बन्धमा छलफल र निर्णय भई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा(१) खण्ड (ठ) र उपदफा(२) खण्ड (क) र (ख) बमोजिम मिति २०७९/१०/२७ गतेका दिन न्यायिक समितिबाट वडाका जनप्रतिनिधी, भद्रभलादमी, सरोकारवाला व्यक्तिहरु लगायत प्राविधिक कर्मचारी अमिन सहित स्थलगत नाँपजाँच तथा निरीक्षण गरी बाटोको साँध सिमाना रेखाङ्कन गरी बाटो खुलाउने क्रममा बाटोको जग्गामा लगाइएको गहुँ तथा चैते बाली खेती स्यहारे पछि पुनः अर्को खेती नलगाउने र सो पश्चात तत्कालै नक्शा बमोजिम बाटो खुलाउने भनि भएको सहमति बमोजिम साविक मानपकडी गा.वि.स. वडा नं. ७ सिट नं. ०९८१३८८ को कित्ता नं.३२४, ६०५ देखि उत्तर तर्फ कित्ता नं. २९० सम्मको उक्त बाटोमा पर्ने गरी लगाइएको खेतीबाली, रुखबिरुवा, निर्माण गरिएका घर टहरा लगायतको संरचनाहरु यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र हटाई बाटो व्यवस्थापनको लागि खाली गर्नहुन सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र स्वस्फूर्त रुपमा नहटाएमा प्रचलित कानून बमोजिम कार्यवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

अनन्तपाणि मरासिनी
प्रमुख प्रशासकीय अधिकृत